## आ.व. २०६६/६७ मा सञ्चालित ठूला तथा उच्च प्राथमिकता र जनस्तरमा प्रभाव पार्ने आयोजनाहरुको समीक्षा प्रतिवेदन

चालू आ.व. २०६६।६७ को बजेट बक्तव्यमा उल्लेख भएअनुसार बजेटका विकास आयोजना/कार्यक्रमको कार्यान्वयनको अनुगमन गर्ने प्रयोजनको लागि आयोजनासंग सम्बन्धित मन्त्रालयहरूसंगको छलफलबाट छनौट गरिएका ठूला तथा उच्च प्राथमिकता र जनस्तरमा प्रभाव पार्ने ८० वटा आयोजनाहरूको कार्यान्वयनको अवस्था तथा प्रगति स्थितिको समीक्षा गर्न राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यूको अध्यक्षतामा मिति २०६६।०८।२२ मा समीक्षा बैठक सम्पन्न भयो । बैठकमा राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने माननीय सदस्यज्यूहरू, सम्बन्धित मन्त्रालयका सचिवज्यूहरू लगायत उच्च पदस्थ अधिकृतहरूका साथै राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने महाशाखा प्रमुख तथा कार्यक्रम निर्देशकहरूको सहभागिता रहेको थियो । समीक्षा बैठकमा प्रस्तुत भैं छलफल भए अनुसार आयोजनाहरूको कार्यान्वयन अवस्था तथा प्रगति स्थिति निम्नानुसार रहेको देखियो ।

### १. शिक्षा मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | सबैका लागि शिक्षा कार्यक्रम (६५-३/४-८०४) | यस आ.व.मा ४२ लाख विद्यार्थीका लागि अनुदान निकासा गर्ने |
| २ | विद्यालय क्षेत्र सुधार कार्यक्रम (६५-३/४-८१५) | यस आ.व.मा विद्यालय छनौट, तथ्याङ्क रूजुका तयारी कार्यहरू गर्ने |
| ३ | दोश्रो उच्च शिक्षा परियोजना (६५-३/४-४११) | यस आ.व.मा ६ वटा क्याम्पसहरूलाई स्वायत्तता प्रदान, १० वटा विकेन्द्रित क्याम्पस र अन्य ३ वि.वि.लाई कार्यसम्पादन र जोडकोष अनुदान प्रदान गर्ने । |
| ४ | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान (५६-३-६००) | यस आ.व. बार्षिक लक्ष्य १२ लाखलाई साक्षर बनाउने |

शिक्षा मन्त्रालय अन्तर्गतका कार्यक्रमहरूको कार्यक्रम स्वीकृत भइसकेको तथा अख्तियारी समेत प्रदान गरी सकेको र सबैको लागि शिक्षा कार्यक्रम अन्तर्गत ४२ लाख विद्यार्थीका लागि प्रति विद्यालय रू.३९,०००।०० का दरले ८५०० विद्यालयहरूको लागि रकम निकासा भएको र सो रकम दातृनिकायहरूबाट सोधभर्ना लिने क्रम जारी रहेको, विद्यालय क्षेत्र सुधार कार्यक्रम अन्तर्गत हालसम्म विद्यालय छनौट, तथ्याङ्क रूजु तथा अन्य तयारीका कामहरू भएको र ९० प्रतिशत वित्तीय लक्ष्य हासिल भएको देखिन्छ । यसैगरी दोश्रो उच्च शिक्षा परियोजना अन्तर्गत ६ वटा क्याम्पसहरूलाई स्वायत्तता प्रदान गर्ने, १० वटा विकेन्द्रित क्याम्पस र अन्य ३ विश्वविद्यालयलाई कार्यसम्पादन र जोडकोष अनुदान दिईने लक्ष्य भएकोमा हालसम्म क्याम्पस छनौट भएको र MOU Sign भएको तथा राष्ट्रिय साक्षरता अभियान अन्तर्गत १२ लाखलाई साक्षर बनाउने भएकोमा हालसम्म निर्देशिका स्वीकृति भई क्षेत्रीयस्तरमा अभिमुखीकरण तालिम सम्पन्न भएको र वित्तीय प्रगति जिल्लाहरूबाट प्राप्त भएको हुन बांकी रहेको देखियो ।

**२. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | परिवार नियोजन तथा मातृ शिशु एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (७०-३/४-४५१) | यस द्वैमासिकमा आमा सुरक्षा कार्यक्रम (निशुल्क प्रसुति सेवा) ७५००० जनालाई पेश गर्ने । |
| २ | एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम (७०-३/४-८५५) | यस द्वैमासिकमा ११९१४०० जनालाई स्वास्थ्य सेवा उपलब्ध गराउने । |
| ३ | औषधि उपकरण आपूर्ति (७०-३/४-६१०) | |
| ४ | झाडा पाखाला, श्वास प्रश्वास रोग नियन्त्रण (७०-३/४-४७२) | यस द्वैमासिकमा १३३८७६ जनालाई एकीकृत वाल स्वास्थ्य कार्यक्रम उपलब्ध गराउने । |

स्वास्थ्य मन्त्रालय अन्तर्गतको परिवार नियोजन तथा मातृ शिशु एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम ( आमा सुरक्षा कार्यक्रम), निशुल्क प्रसुति सेवा कार्यक्रम स्वीकृत भई अख्तियारी पठाई सकेको तथा ७५,००० जनालाई सेवा प्रवाह गर्ने लक्ष्य रहेकोमा हाल ५२,९९७ जनालाई सेवा प्रदान गरिएको र एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम (नि:शुल्क स्वास्थ्य कार्यक्रम) अन्तर्गत ११,९१,४०० जनालाई सेवा पुर्‍याइएको देखिन्छ । यसैगरी औषधि उपकरण आपूर्तिको प्रथम चौमासिकको लक्ष्य नभएको तथा बजेट शीर्षक ८५५ मा बजेट नभएकोले झाडापखाला, स्वासप्रश्वास रोग नियन्त्रण (एकीकृत वाल स्वास्थ्य कार्यक्रम, डि.पि.टि.हेववी) को केन्द्रिय बजेटबाट भ्याक्सिन खरिद गरिने र १,३३,८७६ जना लक्ष्य भएकोमा असोजसम्ममा १८,७११ जना प्रगति भएको देखिन्छ ।

**३. महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | महिला विकास कार्यक्रम (जिल्लास्तर) (५६-३/४-८०१) | यस आ.व.मा सेवा विमुख ६०० गा.वि.स.मा महिला विकास कार्यक्रम विस्तार गर्ने । घरेलु हिंसा प्रभावित महिला सहयोग-वादी समुदाय ३, व्यवसायिक महिला समूह ४, विद्यालय विमूख किशोरी ३, सेवा विस्तार गा.वि.क्षेत्र विकास ५, गा.वि.स. कार्यक्रमलाई विस्तार गर्ने समेत जम्मा २५ वटा |

महिला, बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत महिला विकास कार्यक्रम (जिल्लास्तर) सेवा विमुख ६०० गा.वि.स.मा महिला कार्यक्रम विस्तार गर्ने कार्यक्रम अर्न्तगत हाल ९३ गा.वि.स.मा कार्यक्रम विस्तार भइसकेको र बांकीमा हुने क्रममा रहेको देखियो । यस्तै घरेलु हिंसाबाट प्रभावित महिलाका लागि सेवा केन्द्र स्थापना अन्तर्गत १५ जिल्लामा विस्तार गर्ने लक्ष्य भए तापनि हालसम्म वाग्लुङमा मात्र स्थापना भएको र बांकी जिल्लाहरूमा प्रारम्भिक कार्य अन्तर्गत समन्वय बैठक, केन्द्र छनौट, संस्था छनौट भइरहेको देखियो ।

यस्तै वादी समुदायका महिलाका लागि घर विकास योजना अन्तर्गत १० जिल्लाहरू दाङ, सल्यान, बांके, बर्दिया, सुर्खेत, जजारकोट, दैलेख, कैलाली, दार्चुला र कन्चनपुर सञ्चालित कार्यक्रम अन्तर्गत हालसम्म २२ वटा परामर्श बैठक गर्ने लक्ष्य अन्तर्गत १० वटा प्रगति हासिल गरेको, समुदायस्तरीय परामर्श बैठक तथा

लक्षित महिला छनौट कार्यक्रममा ६६ मध्ये १५ प्रगति भएको, समूह गठन तथा परिचालन तर्फ ३९६ मा ९० मात्र प्रगति भएको, समिति गठनतर्फ ६६ मा १५ प्रगति भएको घर विकास कार्यक्रमको सहजीकरण समिति गठन मध्ये २२ मा ५ मात्र प्रगति भएको देखिन्छ । यसै प्रयोजनको लागि मार्गदर्शन तर्जुमा, क्षेत्रस्तरमा दुई समूहमा अनुशिक्षण र जिल्लास्तरमा समन्वय बैठक सम्पन्न भई उपक्षेत्र तथा समुदायस्तरका कार्य प्रारम्भ भएको देखियो ।

**४. भौतिक योजना तथा निर्माण मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| **(क) भौतिक योजना तथा निर्माण (खानेपानी)** | | |
| १ | ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (४८-३/४-७१२) | प्रथम चौमासिक अवधि भित्र ४० वटा आयोजना सम्पन्न गर्ने । |
| २ | मेलाम्ची खानेपानी आयोजना (४८-३/४-७१८) | प्रथम चौमासिक अवधिभित्र ०.३ कि.मि.को १ प्रतिशत सुरूङ निर्माण गर्ने । |
| ३ | खानेपानी आयोजनाहरू (४८-३/४-८०४) | प्रथम चौमासिक अवधिभित्र निर्माण सामाग्री खरिद गर्ने । |
| **(ख) भौतिक योजना तथा निर्माण (आवास तथा शहरी विकास)** | | |
| १ | शहरी तथा वातावरणीय सुधार आयोजना (४८-३/४-७६५) | प्रथम चौमासिक अवधि भित्र ५.१२ प्रतिशत न.पा.ऋण तथा अनुदान पठाउने । |
| २ | नमूना एकीकृत बस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल) (८-३/४-७७०) | (सिराह, सप्तरी कपिलवस्तुका डोम, मुसहर, चमार, दुसाध, खत्वे अन्य दलित तथा विपन्न मुसलमानका लागि ३०० घर निर्माणको बार्षिक लक्ष्यमा चौमासिक भित्र २.७५% कार्य गर्ने । |
| ३ | गणतन्त्र स्मारक (८-३/४-७७५) | प्रथम चौमासिक अवधिभित्र बोलपत्र आव्हान गर्ने । |
| **(ग) भौतिक योजना तथा निर्माण (सडक)** | | |
| १ | रोड कनेक्टिभिटी प्रोजेक्ट (८-३/४-५५९) | प्रथम चौमासिक अवधिभित्र बार्षिक लक्ष्यको १०.०८% निर्माण कार्य गर्ने । |
| २ | बाढीजन्य क्षति पुननिर्माण आयोजना (४८-३/४-६८२) | प्रथम चौमासिक अवधिभित्र बार्षिक लक्ष्यको २०% निर्माण कार्य गर्ने । |
| ३ | पुल निर्माण कार्यक्रम (४८-३/४-६५०) | |
| ४ | | प्रथम चौमासिक अवधिभित्र बार्षिक लक्ष्यको ०.३% निर्माण कार्य गर्ने । |
| ५ | महाकाली लोकमार्ग (दार्चुला टिंकर खण्ड) (४८-३/४-२०४) | प्रथम चौमासिक अवधिभित्र बार्षिक लक्ष्यको २.५% निर्माण कार्य गर्ने । |
| ६ | सेती लोकमार्ग (टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) (४८-४-२०८) | प्रथम चौमासिक अवधिभित्र बार्षिक लक्ष्यको ०.४% निर्माण कार्य गर्ने । |
| ७ | जिल्ला सदरमुकाम जोड्ने सडकहरू : | (क) नाग्मा-गमगढी (मुगु जिल्ला सदरमुकाम जोड्ने सडक नेपाली सेनाबाट हुने । |
| | | (ख) जाजारकोट-दुनै (डोल्पा जिल्ला जोड्ने सडक |

| | | |
|---|---|---|
| | | (ग) बेसीशहर-चामे (मनाङ जिल्ला जोड्ने सडक) |
| | | (घ) सडक सुधार आयोजना (सांफेबगर-मार्तडी, वाजुगार्ड-मार्तडी खण्ड) (बाजुरा जिल्ला सदरमुकाम जोड्ने सडक) |
| | | (ङ) क्षेत्रीयस्तरका सडकहरू (घुर्मी-ओखलढुङ्गा-सल्लेरी (सोलुखुम्बु जिल्ला सदरमुकाम जोड्ने सडक) |
| ८ | पुष्पलाल लोकमार्ग (मध्य-पहाडी लोकमार्ग) (४८-४-४०३) | प्रथम चौमासिकमा २० कि.मी. ट्रयाक खोल्ने । |
| ९ | काठमाडौं-तराई फास्ट ट्रयाक (४८-३/४-४०६) | प्रथम चौमासिकमा ११.१३ कि.मी. ट्रयाक निर्माण गर्ने । |

भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गतका विभिन्न विभाग अन्तर्गत सञ्चालित परियोजना्हरू मध्ये खानेपानीतर्फ ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति अन्तर्गत बार्षिक ५९० आयोजना पुरा गर्ने कूल आयोजनाको ३१ % लक्ष्य रहेकोमा हालसम्म १२० आयोजना पुरा भएको देखियो । यस्तै मेलाम्ची खानेपानी आयोजना अन्तर्गत २६.५ कि.मि. मध्ये ४.४ कि.मि. (१५%) सुरूङ्ग निर्माण गर्ने तथा अन्य कुल आयोजनाको ११.१२% मध्ये पहिलो चौमासिक लक्ष्य ०.३ कि.मि. लक्ष्य रहेकोमा यसको निर्माण कार्य प्रारम्भ भएको देखियो । बजेट उप-शीर्षक नं. ४८-३/४-८०४ अन्तर्गत विभिन्न खानेपानी आयोजनाहरू अन्तर्गत बार्षिक ५७८ मध्ये ४४५ आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्रथम चौमासिकसम्मा ५% प्रगति भएको देखिन्छ र क्रमागत आयोजनाहरूको कार्य जारी रहेको देखिन्छ ।

आवास तथा शहरी विकासतर्फ शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत ९ वटा नगरपालिकाहरू (भरतपुर, रत्ननगर, धुलिखेल, कमलामाई, हेटौंडा, विदुर, पनौती, बनेपा, र काठमाडौं) मा खानेपानी, ढल, बाटो सम्बन्धी कार्य विगत बर्षहरूदेखि नै चालु रहेको तथा बसपार्क तरकारी बजार जस्ता सहायक परियोजनाहरू सञ्चालन गर्न ऋण तथा अनुदान प्रदान गर्न बार्िषक लक्ष्य ३५.३०% रहेकोमा प्रथम चौमासिकको लक्ष्य ७.१२% रहेकोमा शतप्रतिशत प्रगति हासिल गरेको देखिन्छ ।

यसैगरी नमूना एकीकृत वस्ती विकास कार्यक्रम (तराई-मधेश-पहाड-हिमाल) कार्य अन्तर्गत Drawing, Designing र लागत अनुमान तयार गर्ने, बोलपत्र आव्हान, निर्माण कार्य प्रारम्भ गर्ने गरी कूल आयोजनाको ३.७५% कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा प्रथम चौमासिकको लागि निर्धारण गरिएको लक्ष्य ३.७५% शत प्रतिशत हासिल भएको देखिएको छ । साथै बजेट उप-शीर्षक नं. ४८-४-७७५ अन्तर्गत गणतन्त्र स्मारकको डिजाइनको लागि बोलपत्र आव्हान गरिएको छ ।

सडकतर्फ रोड कनेक्टिभिटी प्रोजेक्ट अन्तर्गत जिल्ला सदरमुकाम जोड्ने सडकहरू कालोपत्रे गर्ने बार्षिक ११ वटा आयोजनाहरू मध्ये प्रथम चौमासिकमा तोकिएको लक्ष्य १५.८% मध्ये निर्माण कार्य जारी रहेको देखियो । यस्तै बजेट उप-शीर्षक नं. ४८-३/४-६८२ अर्न्गतको बाढीजन्य क्षति पुननिर्माण आयोजना अन्तर्गतको पुल निर्माण कार्यक्रम, कर्णाली लोकमार्ग (सुर्खेत-जुम्ला खण्ड) हाल निर्माणाधीन रहेको तर सो सम्बन्धी तथ्याङ्क प्राप्त भएको देखिएन ।

यसैगरी महाकाली लोकमार्ग (दार्चुला-टिंकर) सडक खण्डको प्रथम चौमासिकमा ३ कि.मि. ट्र्याक खोल्ने लक्ष्य रहेकोमा २ कि.मि. ट्र्याक खोलिएको छ । यस्तै सेती लोकमार्ग (टिकापुर-लोडे-चैनपुर-ताक्लाकोट) खण्ड हाल ठेक्का व्यवस्था प्रक्रियामा गएको देखिन्छ । यसैगरी जिल्ला सदरमुकाम जोड्ने सडकहरूमा सोलुखुम्बुको सर्भे गर्ने मनाङको १० कि.मि. ट्र्याक खोल्ने, मुगुको २२ कि.मि. ट्र्याक खोल्ने, बाजुराको १.५ कि.मि. ट्र्याक, १५ कि.मि ग्राभेल तथा १२ कि.मि. कालोपत्रे, कर्णाली करिडोर १५ कि.मि., जाजरकोट, दुनै ट्र्याक १५ कि.मि.को कार्य निरन्तर जारी रहेको र केहीमा नेपाली सेनाबाट निर्माण कार्य भइरहेको भए पनि एकीन तथ्याङ्क प्राप्त हुन सकेन ।

पुष्पलाल लोकमार्ग (मध्य पहाडी लोकमार्ग) को यस आ.व.को प्रथम चौमासिकमा २० कि.मि. ट्र्याक खोल्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा १७ कि.मि. मात्र प्रगति भएको देखिन्छ । यस्तै काठमाडौं तराई (मधेश ( फास्ट ट्र्याकको नेपाली सेनाद्वारा निर्माण प्रारम्भ भएको देखिन्छ । यस कार्यको लागि बजेट बक्तव्यमा उल्लेख भए अनुसार श्रावण महिनादेखि नै निर्माण कार्य प्रारम्भ हुनु पर्नेमा प्रक्रियागत ढिलाईको कारण सेनाले यो जिम्मेवारी पछि मात्र पाएको देखिन्छ ।

## ५. सिंचाई मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| **(क) सिंचाई सिंचाई** | | |
| १ | सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना (जलशक्ति) (६८-३/४-३१६) | प्रथम चौमासिकमा ०.७२५९% कार्य गर्ने । |
| २ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (सि.एम.आई.ए.एस.पी.) (६८-३/४-३२२) | प्रथम चौमासिकमा ०.५२७% कार्य गर्ने । |
| ३ | भूमिगत स्यालो ट्युवेल सिंचाई आयोजना (६८-३/४-३६२) | प्रथम चौमासिकमा प्रचार प्रसार र तालिम गर्ने । |
| ४ | नयां प्रविधिमा आधारित सिंचाई आयोजना (६८-३/४-४२७) | प्रथम चौमासिकमा ०.३२९% कार्य गर्ने । |
| ५ | सिक्टा सिंचाई आयोजना (६८-३/४-४१८) | प्रथम चौमासिकमा ३.२८% कार्य गर्ने । |
| ६ | साना तथा मझ्यौला सिंचाई आयोजना (६८-३/४-४२९) | प्रथम चौमासिकमा ०.१६% कार्य गर्ने । |
| **(ख) जल उत्पन्न प्रकोप नियन्त्रण** | | |
| १ | भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण योजनाहरू (६८-३/४-३५१) | वागमती, कमला, खाडो र लालबकैया मध्ये प्रथम चौमासिकमा कमला ४%, वागमती १०% लालबकैया १५% कार्य गर्ने । |
| २ | नदी नियन्त्रण (६८-३/४-३३४०) | जनताको तटबन्ध (कन्काई, रातु, नारायणी, राप्ती, दोधा, भीम, लखनदेही डडुवा) मा प्रथम चौमासिकमा १२५२ वटा प्रकोप नियन्त्रण कार्य गर्ने । |

सिंचाई मन्त्रालय अन्तर्गत सिंचाई तथा जलश्रोत व्यवस्थापन आयोजना (जलशक्ति) को GMIS र M&E Consultant नियुक्त भएको, Implementation Consultant नियुक्ति प्रकृया पुरा भएको, Component A तर्फको ३७ वटा उप आयोजनाहरूको खरीद स्वीकृत भएको र हाल केही पुंजीगत सामाग्रीहरू मोटर र मोटरसाइकलहरू खरीद गरिएको र यससम्बन्धी अधिकांश डिभिजन कार्यालयहरूको चौमासिक लक्ष्य निर्धारण भएको देखिएन ।

यस्तै समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना (सि.एम.आई.ए.एस.पी.) को प्रथम Batch का आयोजनाहरू टेण्डरको प्रक्रियामा रहेको र दोश्रो Batch का योजनाहरूको Walkthrough Report सम्पन्न भई SIP बनाउने क्रममा रहेको । भूमिगत जल सिंचाई आयोजना, चितवनको खरिद प्रक्रियामा रहेको, कार्यक्रम स्वीकृतमा ढिलाई भएर वित्तीय प्रगति कम भए पनि समग्रमा लक्ष्य अनुरूप कार्य भइरहेको देखिन्छ । नयां प्रविधिमा आधारित सिंचाई आयोजनाको कृषक भ्रमण, सर्भेक्षण, नमूना योजना निर्माण जस्ता कार्यहरू सम्पन्न भएको देखिन्छ ।

यसैगरी अन्तर्गतको सिक्टा सिंचाई आयोजना, नेपालगंज, बांकेको हाल डाईभर्सन स्ट्रक्चर निर्माण कार्य, मूलनहरमा माटोको कार्य, मूलनहरमा स्ट्रक्चर निर्माण कार्य, सर्भेक्षण, डिजाईन तथा अनुसन्धान सम्बन्धी कार्य तथा भवन निर्माण तथा मर्मत कार्य भइरहेकोले यस आयोजनाको लक्ष्य अनुरूप नै कार्य भइरहेको देखिन्छ । बजेट उप-शीर्षक नं. ६८-३/४-४२९ अन्तर्गतको साना तथा मझ्यौला सिंचाई आयोजनाको हालसम्म गुरूयोजना स्वीकृतको लागि पेश भएको, योजना अध्ययन कार्य र क्रमागत योजनाको निर्माण कार्यबाट प्रगति हासिल गरिएको देखिन्छ ।

भारतीय अनुदान सहयोगमा सञ्चालित नदी नियन्त्रण योजनाहरूमा कमला नदी नियन्त्रण योजना (धनुषा, सिराह) को बोलपत्र भइसकेको र ४ कि.मि. तटबन्ध निर्माण भै कार्य प्रगतिमा रहेको, खाडो नदी नियन्त्रण योजना, सप्तरीको DPR स्वीकृत भइनसकेको, वागमती नदी नियन्त्रण योजना, रौतहट र सर्लाही तथा लाल बकैया नदी नियन्त्रण योजना, रौतहटको निर्माण कार्य (स्पर, ड्रेनेज, स्लुईस, गाईड वण्ड) जारी रहेको, थप कार्यको लागि टेण्डर आव्हान भैसकेकोले बजेट प्राप्त भइसके पछि कार्यक्रम तयार हुने तथा हाल बाली क्षति तथा जग्गा खरीद सम्बन्धी तथ्याङ्क संकलन भइरहेको देखिन्छ ।

जनताको तटबन्ध आयोजना अन्तर्गत ७ वटा नदी नियन्त्रण कार्यक्रम अन्तर्गत कन्काई रतुवा तथा मावा नदी नियन्त्रण कार्य, रातु नदी नियन्त्रण कार्य, लहनदेही र झिम नदी नियन्त्रण कार्य, नारायणी नदी नियन्त्रण कार्य, राप्ती नदी नियन्त्रण कार्य र महाकाली र दोधा नदी नियन्त्रण कार्यको आंशिक कार्यक्रम स्वीकृत भएकोमा सोको Master Plan तयार भइसकेको छ ।

**६. उर्जा मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | चमेलिया जलविद्युत आयोजना (८७-४-७६७) | यस आ.व.मा सिभिल, हाईड्रो मेकानिकल र इलेक्ट्रोमेकानिकल कार्य शुरू गरी ३३.११ के.भी. सवस्टेशन समेत निर्माण कार्य समेत गर्ने । |
| २ | सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण (८७-४-७२०) | यस आ.व.मा ३५ सामुदायिक वितरण संस्थामा सेवा उपलब्ध गराउने । |
| ३ | वितरण प्रणाली विकास आयोजना (८७-४-७५७) | |
| ४ | १३२ के.भी. तथा अन्य प्रशारण लाइन विस्तार (केही ठूला प्रशारण लाइन) (८७-४-६५५) | यस आ.व.मा कोशी, ढल्केवर, मर्स्याङ्दी सवस्टेशन सहित ५ वटा को कार्य गर्ने । |
| ५ | माथिल्लो त्रिशुली जलविद्युत आयोजना (८७-४-७७९) | यस आ.व.मा सिभिल निर्माण, हाईड्रो मेकानिकल र इलेक्ट्रोमेकानिकल कार्य शुरू गर्ने । |
| ६ | कुलेखानी जलविद्युत आयोजना (८७-४-७२५) | सिभिल निर्माण कार्य जारी राख्ने, इलेक्ट्रिोमेकानिकल र हाइड्रोको कार्य शुरू गर्ने र |
| ७ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना (८७-४-७७८) | पूर्वाधार निर्माण कार्य सम्पन्न गरी सिभिल हाइड्रो र इलेक्ट्रो मेकानिकल कार्य शुरू गर्ने । |

उर्जा मन्त्रालय अन्तर्गतको कुलेखानी तेश्रो जलविद्युत आयोजनाको मुख्य सिभिल संरचना निर्माण कार्य अर्न्तगत विद्युत गृह बन्ने स्थलमा जग खन्ने कार्य सम्पन्न भएको तथा मुख्य सुरूङ ४०३ मि. सम्पन्न भएको र Adit 4 मा ६५ मि. खन्ने कार्य सम्पन्न भएको देखिन्छ । यसैगरी Access road to Adit 3 को १३५८ मि. Track निर्माण कार्य भएको देखिन्छ । Headrace tunnel portal निर्माण कार्य भईरहेको तथा राप्ती नदी Crossing को निर्माण कार्य सम्पन्न भइसकेको देखिन्छ । यसैगरी Electromechanical तथा प्रशारणलाइनको पूर्वयोग्यताको मूल्याङ्कन सम्पन्न भई स्वीकृतिका लागि पेश भएको देखियो ।

यसैगरी चमेलिया जलविद्युत आयोजनाको मुख्य सिभिल निर्माण कार्यको ४० प्रतिशत सम्पन्न भएको, ३३ के.भि. प्रशारण लाइनको निर्माण कार्यको ९४ प्रतिशत सम्पन्न भएको देखिन्छ । यसैगरी प्रवेश मार्गमा पर्ने पुलहरूको निर्माण कार्य ९८.९ प्रतिशत सम्पन्न भएको तथा इलेक्ट्रोमेकानिकल, हाइड्रोमेकानिकल तथा १३२ के.भी. प्रशारण लाइनको ठेकेदार KHNP ले निर्माण कार्य ४.५ प्रतिशत सम्पन्न भएको देखिन्छ । यसै आयोजनाको ३३/११ के.भी. सव स्टेशनको निर्माणको लागि ५६ प्रतिशत मालसामान उपलब्ध भएको, आयोजना प्रभावितहरूलाई जग्गाको मुआब्जा वितरण कार्य ९५.५ प्रतिशत सम्पन्न भई १७ वटा भवन निर्माण कार्य मध्ये ९७ प्रतिशत सम्पन्न भइसकेको देखिन्छ ।

साथै माथिल्लो तामाकोशी जलविद्युत आयोजनाको Cost revise गर्ने कार्य सम्पन्न भई विद्युतगृह निर्माणस्थल प्रवेश गर्ने Access tunnel को २५० मि.निर्माण कार्य सम्पन्न भएको छ । प्रवेशमार्ग निर्माण कार्य (सिंगटी लामाबगर) को प्रथम खण्डको ६ कि.मी. ट्र्याक निर्माण कार्य २३ कि.मि. सम्पन्न भएको देखिन्छ । यसैगरी दोलखा(सिंगटी खण्डको प्रवेशमार्ग सुदृढीकरण कार्य २१.७ कि.मि. सम्पन्न भएको, मुख्य सिभिल निर्माण

कार्यको बोलपत्र दाखिला गर्ने म्याद २८ दिन थप भएको र लट नं. २ हाईड्रोमेकानिकलको र लट नं. ३ मेकानिकल तथा इलेक्ट्रिकल कार्यको बोलपत्र दाखिला गर्ने म्याद समेत २८ दिन थप भएको देखिन्छ ।

वितरण तथा ग्रामीण विद्युतीकरण आयोजना अन्तर्गत सल्यानटार, देवीघाट तथा चौघडामा फाउण्डेशन कार्य सम्पन्न भई उपकरण जडान कार्य सम्पन्न भएको देखिन्छ । यसैगरी RE अन्तर्गत धादिङमा ३३ के.भी.मा २६० वटा, ११ के.भी.मा ९०० वटा ०.४ के.भी. मा १५६० वटा गरी जम्मा २७३८ वटा पोल गाड्ने कार्य सम्पन्न भएको तथा ३३ के.भी. लाइनमा १४ कि.मी., ११ के.भी. लाइनमा ३१ कि.मी. लाइन तान्ने कार्य सम्पन्न तथा १० वटा ट्रान्स्फरमर जडान भएको र २ वटा ट्रान्स्फरमर चार्ज भएको पाईयो । RE अन्तर्गत नुवाकोटमा ३३ के.भी.मा १५० वटा, ११ के.भी. मा ५३९ वटा तथा ०.४ के.भी.का लागि १३३९ वटा गरी जम्मा २०२८ पोल गाड्ने कार्य सम्पन्न भएको तथा ३३ के.भी. मा ७ कि.मि., ११ के.भी.मा ४२ कि.मि. ०.४ के.भी.मा ४३ कि.मी. तार तान्ने कार्य सम्पन्न हुनुका साथै ६ वटा वितरण ट्रान्सफरमर जडान कार्य सम्पन्न भएको छ ।

यसै गरी ललितपुरमा RE तथा DSR अन्तर्गत ११ के.भी. मा ५८५ वटा तथा ०.४ के.भी. का लागि ११०० वटा गरी जम्मा १६८५ वटा पोल गाड्ने कार्य सम्पन्न हुनुको साथै ११ के.भी.मा ७५ कि.मी., ०.४ के.भी.मा ६५ कि.मि. तार तान्नुका साथै ३३ वटा ट्रान्सफर्मर चार्ज भएको देखिन्छ । यसै परियोजना अर्न्तगत भक्तपुर तथा काभ्रेमा RE तथा DSR अन्तर्गत ११ के.भी. मा ५११ वटा तथा ०.४ के.भी.मा १२८५ गरी जम्मा १७९६ वटा पोल गाड्नुका साथै ५१ वटा वितरण चार्ज भएको देखिन्छ भने ११ के.भी. मा ६० कि.मि. तथा ०.४ के.भी. मा १०५ कि.मि. तार तान्ने तथा फेर्ने कार्य सम्पन्न भएको देखिन्छ ।

सामुदायिक ग्रामीण विद्युतीकरण आयोजना अन्तर्गत हालसम्म २३१ वटा संस्थाहरूसंग सम्झौता भएको, ४७६ वटा प्रस्तावहरू मध्ये २५७ वटा सामुदायिक संस्थाहरूको प्रस्ताव स्वीकृत भएको र १०१ वटा संस्थाहरूलाई विद्युत वितरण प्रणाली हस्तान्तरण गरिसकेको देखिन्छ । यसैगरी प्रथम लटमा ७ जिल्लाका विभिन्न ७ वटा सामुदायिक संस्थाहरूको क्षेत्रमा ५० कि.मी. एचटी लाइन, १६४ कि.मि. एलटी लाइन र २६ वटा वितरण ट्रान्सफरमर जडान गरी विद्युतीकरण गर्न आव्हान गरिएकोमा प्राप्त बोलपत्रहरूको अध्ययन मूल्याङ्कन समाप्त भई ठेक्का सम्झौता सम्पन्न भएको देखिन्छ । साथै दोश्रो लटमा १२ जिल्लाका विभिन्न २१ वटा सामुदायिक संस्थाहरूको सम्भाव्यता अध्ययन मूल्याङ्कन कार्य सम्पन्न भई लागत इष्टिमेट स्वीकृत भएको र १४० कि.मि. एचटी लाइन, ५०१ कि.मि. एलटी लाइन निर्माण र ८८ वटा वितरण ट्रान्सफर्मर जडान गर्न बोलपत्र प्रकाशित गरिएकोमा प्राप्त बोलपत्रहरूको अध्ययन मूल्याङ्कन भइरहेको देखिन्छ ।

त्रिशुली ३ ए जलविद्युत आयोजना को EPC contract document अनुसार आव्हान गरिएको बोलपत्रको Pre-bid meeting सम्पन्न भई प्राविधिक तथा आर्थिक मूल्याङ्कन कार्य सम्पन्न भई मूल्याङ्कन समितिबाट समेत पुनरावलोकन भई नेपाल विद्युत प्राधिकरण सञ्चालक समितिमा पेश भएको र आयोजनाको निर्माण सुपरीवेक्षणका लागि परामर्शदाता नियुक्त गर्न Expression of interest मा पेश भएका प्रस्तावहरूको छनौट कार्यबारे प्रतिवेदन तयार भइरहेको पाइयो । यसका अतिरिक्त आयोजनाको प्रशारण लाइनको बोलपत्रको कागजात तयार भइरहेको र जग्गा अधिग्रहणका लागि आयोजनास्थलमा पर्ने जग्गाहरूको कित्ता नापी भइरहेको देखिन्छ ।

१३२ के.भी. तथा अन्य प्रशारण लाइन विस्तार अन्तर्गत खिम्ती ढल्केवर २२० के.भी. प्रशारण लाइन आयोजनाको ८५ प्रतिशत लाइन सामान र शतप्रतिशत सबस्टेशनको सामान उपलब्ध भएको, १३० वटा टावरको जग र ५५ टावर निर्माण भई सोको सिभिल निर्माण कार्य र इलेक्ट्रिकल कार्य शतप्रतिशत सम्पन्न हुनुको साथै जग्गा अधिग्रहणको कार्य समाप्त भई मुआब्जा वितरण तथा लालपूर्जा प्राप्तिको कार्य भइरहेको देखिन्छ । यसैगरी ढल्केबर-भित्तामोड ४०० के.भी. प्रशारण लाइन, दुहबी-जोगवनी ४०० के.भी. प्रशारण लाइनको वातावरणीय अध्ययन कार्य सम्पन्न भई स्वीकृतिका लागि मन्त्रालयमा पेश भएको र सर्भे कार्य सम्पन्न भइसकेको देखिन्छ । यसै शीर्षक अन्तर्गतको मध्यमर्स्याङ्दी-डुम्रे-दमौली १३२ के.भी. प्रशारण लाइनको वातावरणीय अध्ययन कार्य सम्पन्न भई स्वीकृतिको लागि पेश भएको र मर्स्याङ्दी-काठमाडौं २२० के.भी. प्रशारण लाईन आयोजनाको प्रशारण लाइनको EIA कार्य चालु रहेको देखिन्छ ।

**७. स्थानीय विकास मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | ग्रामीण पुनर्निर्माण तथा पुनस्थापना कार्यक्रम (६९-४-८०९) | प्रथम चौमासिक भित्र विभिन्न १६ जिल्लाका लागि परामर्श सेवा खरिद गर्ने । |
| २ | ग्रामीण पहुंच सुधार तथा विकेन्द्रित परियोजना (RAIDP) (६९-३/४-८३७) | यस आ.व.मा ३०० कि.मि. बाह्रै महिना सञ्चालन हुने ६० कि.मी. मौसमी सडक, ७० वटा झोलुङ्गे पुल निर्माण गर्ने, १५० कि.मी ग्रामीण सडक मर्मत गर्ने । |
| ३ | स्थानीय स्वायत्त शासन तथा सामुदायिक विकास कार्यक्रम (६९-३/४-८५३) | समुदायमा आधारित कार्यक्रमका लागि ब्लक अनुदान दिने । |
| ४ | जेष्ठ नागरिक अशक्त अपाङ्ग लोपोन्मुख जाति, एकल महिला सुरक्षा व्यवस्था (६९-३/४-१४५) | सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरै गर्ने । |
| ५ | पश्चिम उच्च पहाडी गरिबी निवारण आयोजना (WUPAP) (६९-३/४-८३४) | यस आ.व.मा १२० वटा पूर्वाधारका योजना निर्माण गर्ने । |
| ६ | नगरपालिका अनुदान (६९-३/४-८०२) | न.पा.हरूलाई अनुदान उपलब्ध गराउने । |
| ७ | फोहरमैला व्यवस्थापन कार्यक्रम (६९-३/४-४००) | आलेटार र खाल्टेमा साइट निर्माण र संचालन गर्ने । |
| ८ | ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना (RVWRMP) (६९-३/४-८०८) | यस आ.व.मा ३४ हजार जनतालाई सेवा पुर्‍याउने । |
| ९ | कर्णाली रोजगार कार्यक्रम (६९-३/४-८६९) | १५ दिन बरावरको रोजगारी उपलब्ध गराउने । |

स्थानीय विकास मन्त्रालय अन्तर्गतको ग्रामीण पुनर्निर्माण तथा पूनस्थपाना आयोजनाको कार्यक्रम स्वीकृत भइसकेको झोलुङ्गे पुलहरूको निर्माण कार्य भइरहेको, २१ वटा मोटर पुलको पहिचान भई ८ वटाको डिजाइन भइरहेको, ८ वटाको सर्भे भइको, १४१ खानेपानी योजना छनौट भएका ७२ वटाको आयोजना प्रतिवेदन तयार भएको र २ वटाको निर्माण सम्पन्न भएको, ५४ सडक छनौट भई १५ वटाको विस्तृत सर्भेक्षण, २ वटाको DPR भै रहेको, १ सडक निर्माण कार्य शुरू भएको ५१ सडकको IEE TOR तयारी भई २३ वटा सडकको Draft IEE Report तयार भएको देखिन्छ ।

साथै ग्रामीण पहुंच सुधार तथा विकेन्द्रिकरण परियोजनाको कार्यक्रम स्वीकृत भएको तर कार्य शुरू भएको देखिएन । जेष्ठ नागरिक, अशक्त, अपाङ्ग, लोपोन्मुख जाति तथा एकल महिला सुरक्षा कार्यक्रम तर्फ कार्यक्रम स्वीकृत भई ९३३७०७ जनालाई प्रथम चौमासिक रकम वितरण गरिएको देखियो । यसैगरी ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना अर्न्तगत चालु आ.व.को कार्यक्रम स्वीकृत भएको र सोको अख्तियारी समेत जिल्ला विकास समितिहरूमा पुगिसेको तथा सेवा अभिवृद्धि तर्फ खानेपानीतर्फ ४२६८०, सरसफाईतर्फ ४४७९४, सिचाईतर्फ ६१७९ जनसेवा अभिवृद्धिबाट जना लाभान्वित भएको र समीक्षा अवधिसम्ममा कार्यान्वियनको अवस्था सन्तोषजनक रहेको र चालु आ.व.को अन्त्यसम्ममा निर्धारित लक्ष्य प्राप्ति हुने अनुमान रहेको छ ।

फोहरमैला व्यवस्थापन कार्याक्रमतर्फ ओखरपौवा प्रवेशमार्ग तीनपिप्ले-आलेटार सडक खण्ड मर्मत सम्भार गत आ.व.मा शुरू भई कार्य सम्पन्न भएको, सिसडोल ल्याण्डफिल्ड साइटमा Post Closer कार्यको वोलपत्र आह्वान भै स्वीकृतिको चरणमा रहेको, कमलामाई नगरपालिकामा ल्याण्डफिल्ड साइटको विस्तृत सर्भेक्षण र डिजाइन कार्यको प्रक्रिया शुरू भएको, ओखरपौवा ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रको वर्गीकरणको लागि अध्ययन कार्यको प्रक्रिया शुरू भएको, आलेटार ल्याण्डफिल्ड साइटमा विद्युतीकरण कार्य भएको, दीर्घकालीन ल्याण्डफिल्ड साइटको लागि आवश्यक जग्गा अधिग्रहण गर्न प्रारम्भिक प्रक्रिया पुरा भई जग्गा अधिग्रहणको सूचना प्रकाशन भएको, आपतकालीन ल्याण्डफिल्ड साइटको Post Closer कार्यको लागि उपभोक्ता समितिसंग सम्झौता भैसकेको देखिन्छ । यस कार्यको लागि ल्याण्डफिल्ड साइट आसपासका वासिन्दाहरूले विभिन्न माग राखी ल्याण्डफिल्ड साईट सञ्चालनमा अवरोध हुने गरेको, स्वीकृत बार्षिक कार्यक्रमले नभ्याउने गरी थप विकास निर्माणका योजनाहरू सम्बन्धित स्थानीय बासिन्दाहरूबाट माग हुने गरेको र टेण्डर प्रक्रियामा टेण्डर दाखिला गर्दाको समयमा भिडभाड हुने गरेको र सो जोमिख निराकरणका लागि ल्याडफिल्ड साइट आसपासका वासिन्दाहरूसंग पटक पटक छलफल तथा समझदारी गर्ने गरिएको, स्थानीयस्तरमा राजनैतिक प्रतिनिधिहरूसंग समय समयमा छलफल तथा समझदारी गर्ने गरिएको, टेण्डर दाखिला गर्दाको समयमा हुने भिडभाडलाई नियन्त्रणको लागि प्रहरी प्रशासनको सहयोग लिइएको देखिन्छ ।

नगरपालिका अनुदान कार्यक्रमतर्फ कार्यक्रम स्वीकृत भै अख्तियारी सम्बन्धित नगरपालिकामा गइसकेको तथा प्राप्त रकम निकासा भएको देखिन्छ । कर्णाली रोजगार कार्यक्रम अर्न्तगत रा.यो.आ.बाट मिति २०६६।०६।२७ मा कार्यक्रम स्वीकृत भई आएको र गत आ.व. को कार्यक्रम कात्तिक मसान्तसम्म हुने भएको हुंदा यस आ.व.को कार्यक्रम द्वैमासिक प्रगति पौष मसान्तमा मात्र प्राप्त हुने देखिन्छ । यस कार्यक्रमको लागि कार्णाली क्षेत्रमा गा.वि.स. सचिवहरूको रिक्तता, प्राविधिक जनशक्तिको कमी, मौसम प्रतिकूलता (पौष, माघ, फागुन र चैत्र) ले गर्दा काम गर्न कठिनाई भएकोले यस आ.व.को कार्यक्रमको कार्यान्वियन प्रारम्भिक चरणमा रहेको देखिन्छ ।

## ८. कृषि तथा सहकारी

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | व्यवसायिक कृषि विकास आयोजना (४०-३/४-४७४) | विभिन्न क्रियाकलापहरू सञ्चालन गर्ने । |
| २ | सामुदायिक पशु विकास आयोजना (४०-३/४-५९१) | पशु विकाससंग सम्बन्धित विभिन्न प्याकेज कार्यक्रम गर्ने । |
| ३ | विशेष कृषि उत्पादन कार्यक्रम (कृषि अनुदान) (४०-३/४-२४१) | सहयोगस्वरूप प्राप्त मलखाद परिचालन र भण्डारण गर्ने । |
| ४ | सार्वजनिक वितरण प्रणाली (सहकारी पसल सञ्चालन) (४०-३/४-३६०) | सहकारी पसल हेरचाहका निमित्त अनुदान उपलब्ध गराउने । |
| ५ | सहकारी खेति, साना सिंचाई तथा मल, वीउ ढुवानी कार्यक्रम) (४०-३/४-४६४) | ७५ वटा सहकारी खेति, २६ दुर्गम जिल्लामा मल तथा विउ विजन ढुवानी र ६१ जिल्लामा साना सिंचाई स्किम संचालन गर्ने । |
| ६ | कृषि अनुसन्धान कार्यक्रम (४०-३/४-७१०) | कृषि सम्बन्धी विभिन्न अनुसन्धान गर्ने, जिन बैंक भवन निर्माण कार्य पुरा गर्ने । |

कृषि तथा सहकारी मन्त्रालयको कृषि अनुसन्धान कार्यक्रम स्वीकृत भई २०६६ आश्विन ५ मा अख्तियारी प्रदान गरी २०६६ आश्वि २७ मा बजेट समेत निकासा भइसकेको र जम्मा बार्षिक २०१७ क्रियाकलापम मध्ये १३२ लक्ष्य निर्धारण गरिएकोमा प्रथम चौमासिकमा ९९ प्रतिशत लक्ष्य हासिल भएको देखिन्छ । तर सहकारी खेती स्किम सञ्चालनको कार्यक्रम स्वीकृत भइनसकेको र साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रमको सहकारीमा आधारित साना सिंचाई स्किम सञ्चालन र साना सिंचाई मर्मत संभार कार्यक्रम सञ्चालनको लागि माग तथा निवेदन संकलन कार्यको लागि सूचना प्रवाह भई निवेदन संकलन कार्य भइरहेको तथा रसायनिक मल २.५ टन तथा उन्नत वीउ ११.५५ टन प्रगति भएको ढुवानीको लागि जिल्लाहरूमा टेण्डर पक्रिया शुरू भएको देखिन्छ ।

सार्वजनिक वितरण प्रणाली (सहकारी पसल सञ्चालन) तर्फ कार्यक्रम स्वीकृतिको लागि पेश भएको र कार्यक्रम स्वीकृत भइनसकेको तथा रू. २० लाख मात्र निकास प्राप्त भएकोमा ७५ वटै जिल्लामा अख्तियारी दिई पठाईसकेकोमा प्रथम चौमासिकमा गत आ.व.मा ३२६३ सुपथ मूल्यको सहकारी पसल सञ्चालन अनुदान वितरण भएको र अनुदान दिन बांकी गा.वि.स.हरूको विवरण संकलन भईरहेको देखिन्छ ।

व्यवसायिक कृषि विकास आयोजनाको कार्यक्रम स्वीकृत भइसकेको र यसको भौतिक लक्ष्य नतोकिएको र कार्यक्रम सुचारू भएको देखिन्छ भने विशेष कृषि उत्पादन कार्यक्रमतर्फ प्राङ्गरिक मल उतपादन प्रोत्साहन कार्यविधि तयार भएको र कृषि सामाग्री कम्पनी लि.बाट युरिया, डि.ए.पी. र कम्प्लेक्स गरी १९६४२ मे.टन मल खरिद र २३९३० मे.ट. बिक्री भएको देखिन्छ ।

यसैगरी सामुदायिक पशु विकास आयोजना अन्तर्गत कार्यक्रम स्वीकृत भइसकेको पूंजीगत सामाग्रीहरू खरीद कार्य भइरहेको र विभिन्न तालिम तथा अध्ययन भइरहेको तथा विभिन्न भेटेनरी प्राक्टिस्को लागि सामाग्रीहरू समेत वितरण भएको देखिन्छ ।

**९. वन तथा भू-संरक्षण मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | जलाधार व्यवस्थापन विभाग (४०-३/४-६१०) | तलिम क्रियाकलाप संचालन गर्ने । |
| २ | जडिबुटी विकास कार्यक्रम (४०-३/४-२३०) | क्लटर जोन स्थापनाको पूर्वाधार तयार गर्ने । |
| ३ | जीविकोपार्जनका लागि वन कार्यक्रम (४०-३/४-८०२) | ५९ वटा बन कार्ययोजना तयारी र हस्तान्तरण प्रथम चौमासिकमा हुने । |
| ४ | सामुदायिक वन विकास कार्यक्रम (एक व्यक्ति एक विरूवा अभियान समेत) (५९/४-८०१) | सामुदायिक बन कार्य योजना तयारी र प्रथम चौमासिकमा १० लाख ६० हजार विरूवा उत्पादन गर्ने । |

बन तथा भू(संरक्षण मन्त्रालय अन्तर्गतको जडीबुटी विकास कार्यक्रम मध्ये प्रथम चौमासिकमा जडिबुटी सम्बन्धी प्राविधिक सेवा प्रदान गर्न Cluster Zone स्थापनाको लागि पूर्वाधारहरू तयार गर्ने कार्यको समीक्षा अवधिमा JABAN (Jadibuti Association of Nepal) सहकार्यमा प्रशोधित जडीबुटीजन्य उत्पादनहरूको सामान्य परीक्षणका लागि चाहिने रसायन तथा उपकरणहरू र अन्य आवश्यक पूर्वाधारको खरिद र व्यवस्थापन गरी नेपालगंजमा प्रयोगशाला स्थापना गरिएको पाईयो । जडिबुटी बिकास कार्यक्रम अन्तर्गत २ वटा जडीबुटी नर्सरी सञ्चालनमा भएको २ वटा प्रर्दशनी प्लट सञ्चालनमा रहेको तथा २० जनालाई जडीबुटी सम्बन्धी तालिम दिईएको पाईयो । यसैगरी जडीबुटी सञ्चालक ब्यापारी अन्तर्क्रिया गोष्ठीको लागत इष्टिमेट तयार भएको र गत आ.व.को कार्यहरूको अनुगमन शुरू भएको प्रगति प्रतिवेदनबाट देखियो ।

यस्तै जिबिकोपार्जनका लागि वन कार्यक्रम अर्न्तगत ५ पटक जिल्ला समन्वय बैठक सम्पन्न भएको १०० वटा निजी नर्सरी उद्यम, १८५ गैर काष्ठ बन पैदावार तथा जडिबुटी उत्पादन कार्य भएको । २६ वटा बन कार्य योजना पुनरावलोकन मध्ये १४ वटा सम्पन्न एवं ५९ बन कार्य योजना तयारी र हस्तान्तरण मध्ये ३९ वटा सम्पन्न भएको देखिन्छ ।

यसैगरी सामुदायिक बन कार्यक्रम मध्ये १२६ सामुदायिक बनको कार्य योजना तयारीको लगत इष्टिमेट तयार भै प्रारम्भिक कार्य शुरू भएको, सामुदायिक बन सम्बन्धी १ अन्तर्राष्ट्रिय गोष्ठी सम्पन्न भइसकेको र १६०००० बिरूवा उत्पादन गर्ने लक्ष्य समेत हासिल भएको देखिन्छ । बजेट उप-शीर्षक नं. ५९-३/४-६१० को जलाधार व्यवस्थापन आयोजना अन्तर्गत कार्यक्रम प्रोफाइल तयार गरी २ पटक तालिम सम्पन्न भएको पाइयो ।

### १०. भूमिसुधार तथा व्यवस्था मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुन:स्थापना (५३-३/४-२६०) | प्रथम चौमासिकमा २००० मुक्त कमैया पुन:स्थापना, १२२० कमैयाकालागि घर निर्मीाण सहयोग, ४ वटा उद्योग विकास, ७ वटा सीप विकास तालिम सञ्चालन गर्ने । |

भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गतका ठूला आयोजनाहरू मध्ये भूमिसुधार कार्यक्रम, मुक्त कमैया र हलिया पुन:स्थापना कार्यक्रमलाई अनुगमन प्रयोजनको लागि छनौट भएको छ । यस कार्यक्रम अन्तर्गत मुक्त कमैया र हलिया पुन:स्थापना तथा बैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको कार्यक्रम स्वीकृत भईसकेको र यस सम्बन्धी कार्यक्रमहरूको सम्पूर्ण अख्तियारी गइसकेको देखिन्छ । यस्तै यसै कार्यक्रम अन्तर्गत २००० मुक्त कमैया पुन:स्थापना गर्ने प्रथम चौमासिकको लक्ष्य रहेकोमा समीक्षा अवधिमा वर्दियामा ६७१, कैलालीमा ७४ तथा कन्चनपुरमा १५५ गरी जम्मा ९०० परिवारलाई मात्र पुन:थापना गरिएको देखिन्छ । यसै प्रयोजनको लागि ४ वटा उद्यमी विकास तालिम सञ्चालन गर्ने लक्ष्य रहेकोमा ८ वटा कार्यक्रमहरू हाल सञ्चालनमा रहेको देखिन्छ । १ स्थानमा नमूना तरकारी खेती तालिम सञ्चालन भएको र ७ वटा सीप विकास तथा दक्षता बृद्धि तालिम दिने लक्ष्य रहेकोमा हाल ५ वटा तालिम सम्पन्न भएको र ४ वटा तालिम सञ्चालनमा रहेको देखिन्छ । साथै १२२० मुक्त कमैयाहरूलाई घर निर्माण सहयोग कार्यक्रम अन्तर्गत ३ परिवारलाई हालसम्म रू. २४००० वितरण गरिएको देखिन्छ । यसै अवधिमा वैज्ञानिक भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगले पूर्णता पाई कार्य सञ्चालन प्रारम्भ गरेको पाईयो ।

मन्त्रालय अन्तर्गतका कार्यक्रमहरू सञ्चालनको क्रममा ऐलानी जग्गा पर्याप्त मात्रामा नभएको, कमैया र गैर कमैयाहरू एक साथ बसोवास गर्ने भएकोले कमैया छुट्याउन अप्ठ्यारो पर्ने, प्रशिक्षार्थी छनौटमा पर्याप्त ध्यानको कमी, सीपको उपयोगमा न्यूनता जस्ता समस्याहरूलाई कम गर्नको लागि स्थानीयस्तरमा सर्वदलीय सहमति कायम गरेर मात्र कमैयालाई पुन:स्थापना गर्ने, जग्गा अभाव भए खरिद गर्न बजेको व्यवस्था हुनुपर्ने, व्यवहारिक र माग अनुसारको तालिम छनौट जस्ता उपायहरू समेत अबलम्बन गर्नुपर्ने कुरा समीक्षाको उठेको थियो ।

### ११. उद्योग मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | औद्योगिक पुर्वाधार विकास कार्यक्रम (३८-३/४-६०५) | वीरगंज र भैरहवामा विभिन्न निर्माण कार्य गर्ने । उदयपुर, मकवानपुर र दाङमा सिमेन्ट उद्योग स्थापनास्थलमा पूर्वाधार विकास गर्ने । |

बीरगंजमा पर्खाल निर्माण कार्य भैरहेको, भैरहवामा भवन निर्माण कार्य भैरहेको र उदयपुर, मकवानपुर र दाङमा सिमेन्ट उद्योग सम्बन्धी पूर्वाधारका लागि सडक निर्माण लगायत विभिन्न निर्माण कार्य भैरहेको छ ।

## १२. वाणिज्य तथा आपूर्ति मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | नेपाल खाद्य संस्थान (खाद्यन्न ढुवानी) (६०-३/४-६५३) | प्रथम चौमासिकमा ३३२९ मे.टन खाद्यन्न ढुवानी, १५००० मे.टन खाद्य सुरक्षा भण्डारण, र ४००० मे.टन खाद्य सुरक्षा बैंक भण्डारण कार्य र ७०९२ क्विन्टल नुन ढुवानी । |

वाणिज्य तथा आपूर्ति मन्त्रालय अर्न्तगतको रहेका नेपाल खाद्य संस्थान (खाद्य ढुवानी कार्यक्रम) नेपालको ३० दुर्गम जिल्लाहरूमा खाद्यन्न ढुवानी कार्यको यस आ.व.को चौमासिक अवधिमा ३३२९ मे.ट. लक्ष्य रहेकोमा समीक्षा अवधिमा ३९२९ मे.ट. लक्ष्य हासिल भए तापनि विनियोजित रकम रू.१०,६२,००,००० को तुलनामा रू.२०,०१,४२,००० खर्च भएको देखाएको छ ।

यस्तै राष्ट्रिय खाद्य सुरक्षा भण्डारण १५००० मे.ट.को लक्ष्य अनुरूप नै प्रगति भएको देखिन्छ भने सार्क खाद्य सुरक्षा बैंक अन्तर्गत अछाममा २५० मे.ट., डोल्पामा २५० मे.ट., सुर्खेतमा १००० मे.ट., नेपालगञ्जमा १००० मे.ट. र बीरगञ्जमा १००० मे.ट. क्षमताको ५ वटा गोदाम घर निर्माण गर्ने कार्यक्रम रहेकोमा सो सम्बन्धी बोलपत्र आव्हान भई उनीहरूसंगको सम्झौताको चरणमा रहेको छ । यस्तै कण्ठरोग नियन्त्रण कार्यक्रम (२२ जिल्लामा आयोडिनयुक्त नून ढुवानी गर्ने कार्यक्रम) अन्तर्गत चालू चौमासिकमा ७०९२ क्वीन्टल ढुवानी गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा ५७७६ क्वीन्टल मात्र ढुवानी भई समग्रमा ८१ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ ।

## १३. पर्यटन तथा नागरिक उड्यन मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | क्रियाकलापहरु/अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | नेपाल नागरिक उड्यन प्राधिकरण अन्तर्राष्ट्रिय विमानस्थल, क्षेत्रीय विमानस्थलहरू (८७-४-५१५) | प्रथम चौमासिकमा भैरहवा, पोखरा, ताल्चा ( रारा), सिमरा) विमानस्थलहरूको सर्भे गर्ने । |
| २ | पर्यटन पूर्वाधार विकास कार्यक्रम श्रीअन्तु, खप्तड, रामारोशन, गढिमाई, सिमरौनगढ, जनकपुर क्षेत्र (८७-३/४-२९०) | खप्तड, इलाम, गढीमाई,को संरक्षण कार्य निरन्तरता र तराई पर्यटन प्रर्वद्धन गर्ने । |

यस मन्त्रालयको अन्तर्राष्ट्रिय र राष्ट्रिय विमानस्थलहरूको सुधार कार्यक्रम अर्न्तगत त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको मुआव्जा वितरण्को लगत तयार गर्ने र सर्भे गर्ने कार्य भैरहेको, पोखरा विमानस्थल, भैरहवा विमानस्थल, सिमरा विमानस्थल र रारा विमानस्थलको कार्यक्रम स्वीकृत भई अख्तियारी प्रदान गरिएको तथा बजेट निकासाको प्रकृयामा रहनुका साथै सर्भे गर्ने कार्य भइरहेको देखिन्छ । यसैगरी पर्यटन पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रहेको श्रीअन्तुसहितको पर्यटन पूर्वाधारको विकास, खप्तड तथा रामारोशन लगायतका पर्यटकीय पूर्वाधारहरू र गढीमाई सिमरौनगढ लगायतका पर्यटकीय पूर्वाधारहरूको कार्यक्रम स्वीकृत भइसकेको तथा बजेट निकासाको प्रक्रियामा रहेको र थप प्रगति भएको देखिएन ।

## **१४. विज्ञान तथा प्रविधि मन्त्रालय**

| **सि.नं.** | **अनुगमनका लागि छानिएका आयोजनाहरु** | **अनुगमनका सूचकहरु** |
|---|---|---|
| १ | सूचना प्रविधि पार्क/सूचना प्रविधि उच्चस्तरीय आयोग समेत (५१-३/४-२३०) | |

विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत IT Park लाई कसरी सञ्चालन गर्ने भन्ने सम्बन्धमा IBM संग सम्झौता गरी केही कार्य शुरू भई सकेको छ । यसैगरी उच्चस्तरीय आयोगको दैनिक क्रियाकलापहरू सूचारू रूपमा चलिरहेको छ ।

## **१५. वातावरण मन्त्रालय**

| **सि.नं.** | **अनुगमनका लागि छानिएका आयोजनाहरु** | **अनुगमनका सूचकहरु** |
|---|---|---|
| १ | नविकरणीय उर्जा विकास कार्यक्रम (जैविक इन्धन विकास समेत) (६१-३/४-२६०) | विभिन्न क्रियाकलाप सञ्चालन गर्ने । |
| २ | लघु जलविद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम (६१-३/४-२२२) | विभिन्न क्रियाकलाप सञ्चालन गर्ने । |

वातावरण मन्त्रालय अन्तर्गतको नवीकरणीय उर्जा विकास कार्यक्रम अन्तर्गत विभिन्न संस्थाहरूलाई १० वटा सौर्य उर्जा सम्बन्धी तालिम दिने लक्ष्य रहेकोमा समीक्षा अवधिमा १ वटा मात्र तालिम सम्भव भएको छ । यसैगरी सौर्य उर्जा सम्बन्धी १६ वटा सामाग्री प्रकाशन गर्नुपर्नेमा २ वटा मात्र प्रकाशित हुन सकेको छ । साथै सौर्य उर्जा सम्बन्धी प्रचार प्रशार तथा जनचेतना सम्बन्धी ११ वटा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा ३ वटा मात्र संभव भएको देखिन्छ । समग्रमा विभिन्न कार्यक्रमहरूको अवस्थालाई हेर्दा ६८% भौतिक प्रगति भएको देखिन्छ । यस अवधिमा सौर्य उर्जा उपकरण तथा अन्य कार्यालय प्रयोजनका सामाग्रीहरूको टेण्डर मूल्याङ्कन प्रतिवेदन युरोपेली आयोगद्वारा स्वीकृत भएको देखिन्छ ।

यसैगरी यसै मन्त्रालयको लघु जलविद्युत तथा वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत ३४० कि.वा. लघु जलविद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा समीक्षा अवधिमा १०३६.६ कि.वा. प्रगति भएको देखिन्छ । यसैगरी ८७५० वटा घरेलु सौर्य विद्युत प्रणाली जडान गर्ने लक्ष्य अनुरूप १०६८७ वटा जडान गरी लक्ष्य भन्दा बढी प्रगति भएको देखिन्छ । साना सौर्य प्रणाली ४००० वटा कार्यक्रम अन्तर्गत १७७६ भौतिक प्रगति भएको देखिन्छ । ४८० वटा सुधारिएको पानीघट्ट बनउने लक्ष्य रहेकोमा प्रथम चौमासिक अवधिमा १८६ मात्र भौतिक प्रगति भएको देखिन्छ । सुधारिएको फलामे चुलो २४०० वितरण गर्ने लक्ष्य रहेकोमा ४२४ भौतिक प्रगति भएको देखिन्छ ।

**१६. अर्थ मन्त्रालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | वित्तीय क्षेत्र सुधार कार्यक्रम (३५-३/४-४८१) | यस आ.व.मा २ ठूला बैंकको अटोमेसन कार्य गर्ने । |
| २ | युवास्वरोजगार कार्यक्रम (६१-४-४८५) | यस आ.व.मा ५०,००० जनालाई युवा स्वरोजगार तालिम दिने । |

अर्थ मन्त्रालय अन्तर्गतको वित्तीय क्षेत्र सुधार कार्यक्रममा प्रथम चौमासिकमा नेपाल बैंक लि.को ४४ र राष्ट्रिय वाणिज्य बैंकको ४२ अटोमेशन कार्य सम्पन्न भएको छ । यस कार्यक्रम अन्तर्गत १२ वटा मध्ये ३ वटा क्रियाकलाप सम्पन्न भइसकेको देखिन्छ । यसैगरी युवा स्वरोजगार कार्यक्रम अन्तर्गत कार्यक्रम स्वीकृतिको प्रक्रियामा रहेको, पूंजीगत खर्च अन्तर्गत फर्निचर तथा सवारी साधन खरिद भएको, प्रथम चौमासिकमा १ लाख जनालाई अभिमुखीकरण तालिम दिने लक्ष्य रहेकोमा ९७२४६ जनालाई तालिम दिईएको देखिन्छ ।

**१७. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | सूचना र प्रविधि विकास आयोजना (३०/४-२४०) | बायोमेट्रिक स्मार्ट कार्ड र राज्य सुविधा परिचयपत्र वितरण |
| २ | गरिबी निवारण कोष (६१-३/४-२२०) | प्रथम चौमासिक अवधिभित्र ५८ परियोजनाको लागि सामाजिक संस्था मार्फत अनुदान दिने । |

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको सूचना प्रविधितर्फ विभिन्न ६ मन्त्रालयसंग समन्वय गरी कार्य गर्नु परेकोले प्रगति कम हुन गएको छ । यसैगरी गरीबी निवारण कोषले आयमूलक कार्यक्रम ११७७ परियोजनाको लागि सामुदायिक संस्थालाई अनुदान दिने कार्यक्रम रहेकोमा समीक्षा अवधिमा ७३३ परियोजनालाई अनुदान दिईएको पाईयो । यस अवधिमा ८६३० सामुदायिक संस्थाको गरिब घरधुरी लाभान्वित भएको देखिन्छ । सामुदायिक पुर्वाधार विकास कार्यक्रम अर्न्तगत जम्मा २४७ सामुदायिक संस्थालाई अनुदान दिने कार्यक्रम अन्तर्गत समीक्षा अवधिमा २५३ संस्थालाई अनुदान स्वरूप रू. ५०६२१०००० दिइएको र यसबाट ३२३४५५ गरिब घरपरिवार सामुदायिक संस्था मार्फत लाभान्वित भएको जसमध्ये दलित ३०% जनजाति २९% र अन्य ४१% रहेको छ भने महिलाको प्रतिशत ७१ रहनुका साथै क वर्गमा ६५.७०%, ख वर्गमा २५.५०%, ग वर्गमा ८.६०% र घ बर्गमा ०.२०% रहेको देखिन्छ । हालसम्म सामुदायिक पुर्वाधार योजनाबाट लाभान्वित समुदायका अन्य घरधुरीसहित जम्मा ४४६२०६ घरधुरी लाभान्वित भएको देखिन्छ ।

यसैगरी नवीन सोचमा आधारित कार्यक्रमको लागि ६१ वटा सामुदायिक संस्थालाई अनुदान दिने चौमासिक लक्ष्य रहेकोमा हालसम्म १६ वटा मात्र परियोजनालाई अनुदान दिइएको देखिन्छ । प्रथम चौमासिक अवधिमा ३२५ वटा सहयोगी संस्था परिचालन गर्ने लक्ष्य रहेकोमा हालसम्म २३३ वटा सामुदायिक संस्था परिचालन भएको र थप १५ जिल्लामा कार्यक्रम सञ्चालन गर्न छनौट गरिएकोमा १६९ सहयोगी संस्थाहरूलाई जिल्लास्तरमा अभिमुखीकरण तालिम कार्यक्रम सञ्चालन भइरहेको २५ जिल्लामा १२७५ गा.वि.स. मध्ये हालसम्म ८८६ गा.वि.स. अर्थात ६९.५०% गा.वि.स.मा कार्यक्रम सञ्चालन भएको देखिन्छ ।

### १८. शान्ति तथा पनुनिर्माण मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | पुननिर्माण तथा पुनस्थापना कार्यक्रम (६२-३/४-२१०) | प्रथम चौमासिकमा पाल्पा दरबारको २.१७% निर्माण कार्य गर्ने । |
| २ | शान्ति प्रक्रिया सहयोग आयोजना (६२-३/४-२१२) | द्वन्दमा मारिएका र वेपत्ता पारिएका व्यक्तिका परिवारलाई राहत वितरण गर्ने । |

शान्ति तथा पुन निर्माण मन्त्रालय अन्तर्गतका दुई शीर्षका उल्लेख भएका मध्ये पाल्पा दरबार र गोकर्ण राष्ट्रिय शहिद पार्क निर्माण कार्यपुन:निर्माण कार्यक्रम अन्तर्गत क्रमागत रूपमा निर्माण हुँदै गरेको छ र शिविरमा रहेको ने.क.पा.एमाओवादीका लडाकुहरूलाई मासिक भत्ता वितरण हुँदै गरेको र सशस्त्र द्वन्दमा मारिएका मृतकका हकदारहरूलाई आर्थिक सहायता दिने क्रममा हालसम्म ३५७८ जनालाई दिइएको देखिन्छ ।

### १९. राष्ट्रिय योजना आयोग

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | राष्ट्रिय स्वयंसेवक सेवाको संस्थागत विकास (७२-३/४-४०१) | युवा स्वयंसेवकहरू परिचालन गर्ने । |

राष्ट्रिय योजना आयोग अन्तर्गतको राष्ट्रिय स्वयंसेवक सेवाको संस्थागत विकास कार्यक्रम अन्तर्गत विभिन्न ४२ जिल्लाहरूमा ११२ स्वयंसेवक र स्थानीय स्वयसेवकहरू २५८ जना र ग्रामीण स्वयंसेवकहरू २२८ जना कार्यरत रहेका छन् । युवा कार्यक्रम अन्तर्गत ३४३ जना केन्द्रिय स्वयंसेवकहरूलाई विभिन्न जिल्लाहरूमा खटाई पठाईएको छ । त्यसैगरी स्थानीय स्वयंसेवक १५४ जना समेतलाई सम्बन्धित क्षेत्रमा खटाई पठाई सकिएको छ ।

### २०. श्रम तथा यातायात व्यवस्था मन्त्रालय

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | रोजगार प्रर्वद्वन कार्यक्रम (७१-३/४-४२०) | रोजगारीका लागि सीप प्रदान गर्ने । |

श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको रोजगार प्रर्वद्वन कार्यक्रम अन्तर्गत राजगारीका लागि सीप अर्न्गत ६२११ जनालाई विभिन्न बिषयको सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा ५६१७ जनाको लागि तालिम सञ्चालन भइरहेको तथा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कार्य अन्तर्गत सामाजिक साझेदार सशक्तिकरण कार्य सञ्चालनमा रहेको देखिन्छ ।

### २१. विविध

| सि.नं. | अनुगमनका लागि छानिएका आयोजनाहरु | अनुगमनका सूचकहरु |
|---|---|---|
| १ | दैवी प्रकोप राहत तथा पुनर्स्थापना (९५-३/४-९७२) | |
| | वागमती सभ्यता विकास अभियान (४८-३/४-७७१) | |
| | वृहत पूर्वाधार विकास कार्यक्रम (रेलमार्ग, अन्तर्राष्ट्रिय/क्षेत्रीय विमानस्थल, नदी डाईभर्सन र व्यवस्थापिका संसद भवन) (९५-३/४-९७७) | |
| | शान्ति कोष (शिविर व्यवसथापन समेत) (९५-३/४-९७६) | बाटो, विद्यालय आदि भौतिक निर्माण |

# प्रगतिको समग्रस्तर

ठूला तथा उच्च प्राथमिकता र जनस्तरमा प्रभाव पार्ने छानिएका आयोजनाहरुको कार्यान्वयनको अवस्था तथा प्रगती स्थितिको समीक्षामा प्रगतिको समग्रस्तर निम्न अनुसार देखियो ।

- **शिक्षा मन्त्रालय** अन्तर्गत संचालित प्रगति स्थितिको समीक्षा गरिएका आयोजनाहरु सबैको कार्यक्रम स्वीकृत भै अख्तियारी समेत प्रदान भै सकेको देखियो । राष्ट्रिय साक्षरता अन्तर्गत १२ लाखलाई साक्षर बनाउने कार्यक्रम रहेकोमा यस सम्वन्धि निर्देशिका स्विकृत भै क्षेत्रीय स्तरमा अभिमूखीकरण तालिम सम्पन्न भै सकेको भन्ने भएतापनि वित्तीय प्रतिवेदन प्राप्त हुन वाँकी रहेको देखियो ।

- **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय** अन्तर्गत संचालित प्रगति स्थितिको समीक्षा गरिएका आयोजना मध्ये सबै जसोको कार्यक्रम स्विकृत भै अख्तियारी पठाई सकेको देखिन्छ । झाडा पखाला, स्वास प्रस्वास रोग नियन्त्रण अन्तर्गत प्रथम द्वैमासिक गरिने कार्य लक्ष्य अनुसार हुन नसकेको देखिन्छ ।

- **महिला, वाल वालिका तथा समाज कल्याण मन्त्रालय** अर्न्तगत अनुगमनका लागि छानिएको महिला विकास कार्यक्रमको प्रगति स्तरमा महिला विकास कार्यक्रममा (जिल्लास्तरको) सेवा विमूख ६०० गाविसमा महिला कार्यक्रम विस्तार गर्ने वार्षिक लक्ष्यमा प्रथम चौमासिकभित्र ९३ गाविस मा मात्र सेवा विस्तार भएको पाइयो । त्यसैगरी घरेलु हिंसावाट प्रभावित महिलाका लागि १५ जिल्लामा सेवा केन्द्र स्थापना गर्ने लक्ष्य रहेको भएतापनि हालसम्म वाग्लुङमा मात्र सेवा केन्द्र स्थापना भएको देखियो ।

- **भौतिक योजना तथा निर्माण मन्त्रालय** अन्तर्गत प्रगति स्थितिको समीक्षा गरिएका विभिन्न १५ आयोजना मध्ये मेलम्ची लगायत अन्य खानेपानी क्षेत्रको प्रगति स्थिति लक्षको तुलनामा न्यून देखिएको छ । त्यसै गरी आवास तथा शहरी विकासतर्फ नमूना एकिकृत वस्ती र गणतन्त्र स्मारकको कार्य डिजाइन, लागत अनुमानको तयारी, वोलपत्र आव्हान जस्ता कागजी कार्यमा मात्र सिमित रहेको देखिन्छ । सडकतर्फ केही सडकको निर्णय कार्य चालू रहेको भन्ने भएतापनि एकिन तथ्यांक प्राप्त हुन नसकेको देखियो । महाकाली लोकमार्गको (दार्जुला-टिंकर) सडक खण्डको प्रथम चौमासिकमा

३ कि.मि. ट्रयाक खोल्ने लक्ष रहेकोमा २ कि.मि. ट्रयाकमात्र खोलिएको देखिन्छ भने पुस्पलाल लोक मार्गको यस आव को प्रथम चौमासिकमा २० किमि ट्रयाक खोल्ने लक्ष रहेमा १७ किमि मात्र प्रगति भएको देखिनन्छ ।

- **सिंचाई मन्त्रालय** अन्तर्गत सिंचाई तथा जलस्रोत व्यवस्थापनमा Consultant नियुक्ति, पूँजिगत सामानको खरिद लगायतका कार्य मात्र भएको देखिन्छ भने अधिकांस डिभिजन कार्यालयहरुको चौमासिक लक्षनै निर्धारण भएको देखिदैन । नदी नियन्त्रणतर्फ कमला नदी नियन्त्रणको ४ किमि तटवन्द निर्माण कार्य भैरहेको भएपनि अन्यको हकमा टेन्डर आव्हान लगायत प्रशासनिक कार्य मात्र भैरहेको देखियो । जनताको तटवन्ध आयोजना अन्तर्गतको कार्यमा Master Plan तयार भै आशिंक रुपमा कार्यक्रम स्वीकृत भएको देखियो ।

- **उर्जा मन्त्रालय** अन्तर्गत प्रगति स्थितिको समीक्षा गरिएका ७ आयोजनाहरु मध्ये केहीको निर्णय कार्य चालू रहेको भए पनि कतिपयको वोलपत्र आव्हान, मूल्यांकन लगायतका कागजी कार्य मात्र चालू रहेको देखिन्छ । ढल्केवार-विर्तामोड ४०० कि.मि. प्रशारण लाइन, दुहवी-जोगवनी ४०० किमि प्रशारण लाइनको वातावरणीय अध्ययन कार्य सम्पन्न भै स्वीकृतिका निम्ति मन्त्रालयमा पेश भएको देखिन्छ ।

- **स्थानीय विकास मन्त्रालय** अन्तर्गत संचालित वाटो, झोलुङे पुल र खानेपानी आयोजनाहरुको डिजाइन, सर्भे लगायतको कार्य भै रहेको र केहीको IEE गर्ने कार्य भै रहेको देखियो । सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्रथम चौमासिकमा ९३३७०७ जनालाई भत्ता वितरण गरेको देखियो । फोहोर मैला व्यवस्थापनलाई दीर्घकालिन ल्याण्डफिल्ड साइडको लागि आवश्यक जग्गा अधिकरण गर्न कार्य प्रारम्भ भएको देखियो । कर्णाली रोजगार कार्यक्रम अन्तर्गत . . . कर्णाली क्षेत्रमा गाविस सचिवको रिक्तता, प्राविधिक जन समितिको कमि आदिले गर्दा काम गर्न कठिनाई भएको कारणले कार्य सम्पन्न हुन नसकेको देखियो ।

- **कृषि तथा सहकारी मन्त्रालय** अन्तर्गत संचालित आयोजनाहरुमा सहकारी पसल संचालनको कार्यक्रमको अख्तियारी सम्वन्धी जिल्लामा गैसकेको देखिन्छ भने कतिपय आयोजनाको टेण्डर प्रकृयामात्र शुरु भएको देखिन्छ ।

- **वन तथा भूमिसुधार मन्त्रालय** अन्तर्गतका आयोजनाहरुमा जडिवुटी सम्वन्धी प्राविधिक सेवा प्रदान गर्न Cluster zone स्थापनाका निमित्त पूर्वाधार तयार गर्ने कार्य भएको देखिन्छ भने जिविकोपार्जनका लागि वन कार्यक्रम अन्तर्गत प्रथम चौमासिकमा ५९ वटा वन कार्य योजनाको तयारी र हस्तान्तरण हुने भनिएपनि ३९ वटाको काम मात्र संपन्न भएको देखियो ।

- **भूमि सुधार तथा व्यवस्था मन्त्रालय** अन्तर्गत प्रथम चौमासिकमा २००० मुक्त कमैया पुन स्थापना गर्ने लक्ष्य रहेकोमा ९०० परिवारलाई मात्र पुन स्थापना गरेको देखिन्छ ।

- **उद्योग मन्त्रालय** अन्तर्गत औद्योगिक पूर्वाधार विकास कार्यक्रमको विभिन्न पूर्वाधार निर्माण गर्ने कार्य रहेकोमा पूर्वाधार निर्माण सम्वन्धी कार्य भैरहेको भन्ने सम्मको जानकारी प्राप्त भएको तर एकिन तथ्यांक प्राप्त हुन सकेन ।

- वाणिज्य मन्त्रालय अन्तर्गत नेपाल खाद्य संस्थानको ढुवानी कार्यक्रममा प्रथम चौमासिकमा ३३२९ मे.टन ढुवानी गर्ने कार्यक्रम रहेकोमा सो अनुसार कार्य भएतापनि विनियोजित रकम रु १०६२००००० को तुलनामा रु २००१४२००० खर्च भएको देखिाइएको छ ।

- **पर्यटन तथा नागरिक उड्डयन** मन्त्रालय अन्तर्गत संचालित आयोजनाहरुमा कार्यक्रम स्वीकृत भै अख्तियारी गै सकेको भएतापनि अन्य कार्य भए गरेको देखिएन ।

- **विज्ञान तथा प्रविधि मन्त्रालय** अन्तर्गत सूचना प्रविधि पार्क, सूचना प्रविधि उच्च स्तरीय आयोग समेतको कार्यमा IT Park कसरी संचालन गर्ने भन्ने सम्वन्धमा IBM संग सम्झौता गरी केही गर्न शुरु मात्र भएको देखिन्छ ।

- **वातावरण मन्त्रालय** अन्तर्गतका छानिएका आयोजनाको नवीकरण उर्जा अर्न्तगत प्रथम चौमासिकमा गर्नुपर्ने काम मध्ये ६८% मात्र कार्य सम्पन्न भएको देखिन्छ भने ४८० वटा पानी घट्ट बनाउने लक्ष रहेकोमा १८६ र २४०० सुधारिएको चुलो वितरण गर्ने लक्ष्य रहेकमा ४२४ मात्र भौतिक प्रगती भएको देखिन्छ ।

- **अर्थ मन्त्रालय** अन्तर्गत वित्तीय क्षेत्र सुधार कार्यक्रमा २ ठूला वैंकको अटोमेसन गर्ने कार्यक्रम रहेकोमा नेपाल वैंक लिमिटेडको ४४ वटा र राष्ट्रिय वाणिज्य वैंकको ४२ शाखाको मात्र अटोमेसन कार्य सम्पन्न भएको देखिन्छ ।

- **प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** अन्तर्गत सूचना र प्रविधि विकास आयोजना अन्तर्गत वायोमेट्रिक स्मार्ट कार्ड र राज्य सुविधा परिचय पत्र वितरणको कार्यको प्रगति स्तर न्यून रहेको देखिन्छ भने गरिबी निवारण कोषको प्रगति स्तर मिश्रित देखिन्छ ।

- **शान्ति तथा पुनःनिर्माण मन्त्रालय** अन्तर्गत संचालित कार्यक्रममा पाल्पा दरवार र गोकर्ण राष्ट्रिय सहिद पार्कको निर्माण कार्य भैरहेको देखिन्छ भने ससस्त्र द्धन्दका क्रममा मारिकमा मृतकका हकदारहरुलाई आर्थिक सहायता दिने काम जारी रहेको देखिन्छ ।

- **राष्ट्रिय योजना आयोग** अन्तर्गतको राष्ट्रिय स्वयम सेवकको संस्थागत विकास कार्यक्रममा केन्द्रीय तथा स्थानीय स्वयंम सेवकलाई संविन्धत क्षेत्रमा खटाई पठाइने कार्य सम्पन्न भएको देखिन्छ ।

- **श्रम तथा यातायात व्यवस्था मन्त्रालय** अन्तर्गतको रोजगारीका लागि सीप अन्तर्गत ६२११ जनालाई विभिन्न विषयको सीपमूलक तालिम प्रदान गर्ने लक्ष्य रहेकमा ५६१७ जनाका लागि तालिम संचालन भै रहेको भन्ने देखिन्छ ।

- **विविध आयोजना** अन्तर्गत छानिएका दैवी प्रकोप राहत तथा पुनःस्थापना, वागमती सभ्यता विकास अभियान र वृहत पूर्वाधार विकास कार्यक्रमको प्रगति विवरण प्राप्त हुन आएन । शान्ति कोष अन्तर्गतका कार्यक्रममा वाटो, विद्यालय आदि भौतिक निर्माण कार्य जारी रहेको भन्ने भनाई रह्यो ।

समग्र रुपमा विशलेषण गर्दा केही आयोजनाहरुको प्रगति स्तर संन्तोषप्रद देखिएपनि कतिपय आयोजनाहरुको प्रगति स्तर लक्ष्यको तुलनामा निकै कम देदिएको छ । यस आर्थिक वर्षको वजेट स्वीकृतीमा केही ढीलाई भएको कारणले समेत प्रथम चौमासिक अवधिमा आवश्यक रकम निकासा हुन नसकेको कारणले समेत प्रगति स्तर कम रहेको देखियो ।

## पहल गर्नुपर्ने बुंदाहरु

- विगतमा चौमासिक रूपमा हुने गरेको समीक्षा बैठक द्वैमासिक रूपमा गर्नुपर्ने । प्रगति समीक्षा बैठक एकै दिन नराखी छुट्टै समयमा राखी वृहत समीक्षा गर्नुपर्ने ।
- अन्तर मन्त्रालय समन्वय हुनुपर्ने ।
- तथ्याङ्कको विश्वसनीयत (Data Validity) तथा Report Database भएको पाइएन । यसलाई तथ्यमूलक बनाउनु पर्ने ।
- मन्त्रालयहरूको प्रगति विवरण प्रस्तुत गर्दा मन्त्रालयका सचिवज्यूहरूको उपस्थिति एकदमै न्यून रह्यो । सचिवज्यूहरूको अनिवार्य प्रतिनिधित्वको व्यवस्था गर्नुपर्ने ।
- Information System Slow देखियो । प्रतिवेदनहरू समयमा नआउने र आए पनि सही रूपमा र तोकिएको ढांचामा आउने गरेको पाइएन ।
- तथ्याङ्कको सही तथ्यहरू राष्ट्रिय योजना आयोगको Format अनुसार भर्ने । विश्लेषण पक्ष (Analytical Part) आफ्नो कार्यक्षेत्र र प्रकृति (Scope & Nature) अनुरूप गर्ने ।
- मन्त्रालयस्तरीय अनुगमन तथा मूल्याङ्कन संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउने ।
- कार्यक्रम स्वीकृत हुन बांकी रहेको मध्ये यही मंसीर मसान्तभित्र स्वीकृत गराईसक्नु पर्ने ।

- विविध शीर्षकका कार्यक्रमहरूको प्रगति विवरण सम्बन्धमा आर्थिक विवरण अर्थ मन्त्रालयबाट र भौतिक प्रगतिको विवरण कार्यक्रम सञ्चालन गर्ने मन्त्रालयहरूबाट राष्ट्रिय योजना आयोग पठाउने व्यवस्था गर्ने ।
- नीतिगत र कार्यक्रमगत रूपमा स्पष्ट हुनुपर्ने कुराहरू आ-आफ्नो तहबाट स्पष्ट हुने ।
- कार्यक्रम कार्यान्वयनको निम्ति जनशक्तिको अपुग भएमा आयोजनाहरूले यथासमयमै आवश्यक जनशक्तिको व्यवस्था गरी कार्यक्रम सञ्चालन गर्ने ।
- यस प्रकारको प्रतिवेदन Electronic Verson समेत पठाउने व्यवस्था गर्ने ।

# अनुसूचीहरु

## सम्बन्धित निकायबाट प्राप्त प्रगति विवरणहरु